आज मिति २०७६ साल कार्तिक ८ गते शुक्रवार दिनको १:०० बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको पैंतालिसौं बैठक बसी तपशिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिती :-

| सि.नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४. | का.वा.वडा अध्यक्ष वडा नं. २ | पंचकुमारी श्रेष्ठ | | |
| ५. | का. वा. वडा अध्यक्ष वडा नं. ३ | हरिमान श्रेष्ठ | | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | का. वा. वडा अध्यक्ष वडा नं. ८ | निशा पाण्डे | | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री वच्चु वस्याल | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिव सुनुवार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला वि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्वती अधिकारी | | |
| २२. | सदस्य सचिव/प्रमुख | श्री प्रदिप पौडेल | | |

Scanned with CamScanner

निर्णयहरु:

१. यस कार्यालयको मिति २०७६।०५।१५ मा प्रकाशित **Construction of Office Building of Tokha Municipality, Contract No. 06/NCB/TM/W/076-77** को सन्दर्भमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७६।०७।०६, च.नं. ५१२ को प्राप्त पत्र अनुसार वोलपत्र सम्बन्धी कागजातमा **2.4.2** को **Specific construction experience** को **b** को २ नं. बुँदा **Construction of at least one traditional/Archeological building** र ५ नं. बुँदा **Dachi Appa Brick cladding works > 550 sqm** भएको व्यवस्थाका कारण वोलपत्रमा सहभागी हुने संख्या न्युन हुने भई न्युनतम प्रतिस्पर्धा हुने देखिएकोले प्रतिशपर्धा वढाउनको लागी (सार्वजनिक खरिद ऐन, २०६३ को दफा १६ बमोजिम) उक्त २ वटा बुँदाहरु हटाउने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १६ को उपदफा ३ बमोजिम वोलपत्र पेश गर्ने अन्तिम मिति ७ दिन थप गरि सो सम्बन्धी सूचना प्रकाशन गर्ने र सो को जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई समेत दिने निर्णय गरियो ।

२. यस न.पा. अन्तरगत रहेका विभिन्न खोलानालाहरुमा अवैध रुपमा थुपारिएका वालुवाहरुको प्रहरी प्रशासनको सहयोग वाट वालुवा जफत गरी प्राविधिकद्धारा स्टक भेरिएसन तथा नियमानुसार मूल्य निर्धारण गरी सो को लिलाम प्रकृया अघि बढाउन देहाय वमोजिमको समिति गठन गरी यथासिघ्र कार्यान्वयन प्रकृया अघि वढाउने निर्णय गरियो ।

तपशिल:

क. नगर कार्यपालिका सदस्य, संजिव सुनुवार -संयोजक

ख. वार्ड नं. १ वडा अध्यक्ष्य/वा निजले खटाएको प्रतिनिधि -सदस्य

ग. वार्ड नं. २ वडा अध्यक्ष्य/वा निजले खटाएको प्रतिनिधि -सदस्य

घ. वार्ड नं. ३ वडा अध्यक्ष्य/वा निजले खटाएको प्रतिनिधि -सदस्य

ङ. ई. पुजा सिंह -सदस्य

च. आ.ले.लोकेन्द्र आचार्य - सदस्य

छ. शाखा अधिकृत बासुदेव भेटवाल -सदस्य सचिव

३। श्रीकृष्ण प्रणामी मन्दिरको भवन निर्माणको लागि अन्तरिक स्रोतबाट रु. १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

४। वडा नं. ६ को विन्दवासिनी मन्दिरको पछाडीको बाटो ढलान तार जाली मर्मत र ढुंगाको वाल उठाउने कार्यको लागि रु. ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

५. वडा नं. ११ स्थित निर्मल वाटिका अन्तर्गत गणेश श्रेष्ठको घर देखि टेक बहादुर अर्यालको घरसम्म मंगल तथा सडक मर्मत गर्ने थप ४ लाख आन्तरिक स्रोतबाट विनियोजन गर्ने निर्णय गरियो ।

६. वडा नं. ११ स्थित निर्मल वाटिका अन्तर्गत सी. आर. एस. बाट लर्ड बुद्ध कलेज सम्म थप बजेट ३ लाख आन्तरिक स्रोतबाट विनियोजन गर्ने निर्णय गरियो ।

७. वडा नं. १ मा खेल्कुद प्रवर्द्धन अन्तर्गत रु. १ लाख थप गर्ने निर्णय गरियो ।

८. वडा नं. १ अन्तर्गत क्र. संख्या २५६ को गैरीगाउँ चियान पार्टी ट्रस निर्माणको लागि विनियोजित रु. १० लाखमा १ लाख कायम राखी बाँकी रकम रु. ९ लाखमध्ये रु. ४ लाख वडा कार्यालयमा ब्लक बिछ्याउने र बाँकि ५ लाख झोर गाउँ मोटर बाटो स्तरोन्नति तर्फ बिनियोजन गरि संसोधनको लागि नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner